# दुहवी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

दुहवी, सुनसरी
कोशी प्रदेश, नेपाल

## भरौट, बालुवा तथा निजि जग्गाको व्यापारिक प्रयोजनको माटो वापतको सिलबन्दी बोलपत्र आह्वानको सुचना

(प्रथम पटक प्रकाशित सूचना मितिः २०८०।४।२२)

यस दुहवी नगरपालिका अन्तरगत तपसिल बमोजिमका आ.व.२०८०/०८१ को लागि मिति २०८१ जेष्ठ मसान्तसम्मको लागि सिलबन्दी बोलपत्रद्वारा आन्तरिक आय संकलनको ठेक्का बन्दोबस्त गर्नुपर्ने भएको हुदा इच्छुक व्यक्ति, संस्थाहरुले तपसिलका शर्तहरुका अधिनमा रही दुहवी नगरपालिका कार्यालयमा तोकिएको समय भित्र छुट्टाछुट्टै गोप्य सिलबन्दी बोलपत्र दाखिला गर्नु हुन प्रथम पटक यो सूचना प्रकाशित गरिएको छ ।

तपसिलः

| रा.ठे.नं. | ठेक्का शिर्षक | उत्खनन् गर्न पाउने अधिकतम परिमाण (वार्षिक) | न्युनतम ठेक्का अंक मु.अ. कर समेत वार्षिक रु. |
|---|---|---|---|
| १६/०८०/८१ | दुहवी न.पा.क्षेत्राधिकार भित्र पर्ने बुढी खोलाको (बि.ई.एस.) प्रतिवेदनमा उल्लेखित क्षेत्रहरु बाट उत्खनन हुने भरौट बालुवा तथा निजि जग्गाको व्यापारिक प्रयोजनको माटो विक्री वापतको आन्तरिक आय संकलन (ठेक्का बन्दोवस्त वापतको रकम) | १३,२७४ (घ.मि.) | ४२,५६,४९६/- |

१. सिलबन्दी बोलपत्र साथ आफूले कवोल गरेको ठेक्का अंकको नेपाली नागरिक भए ५% र गैर नेपाली नागरिक भए १०% धरौटी वापत रकम दुहवी न.पा.,नगर कार्यपालिकाको कार्यालयको एन.आई.सि.एसिया बैक दुहवीमा रहेको धरौटी खाता नं.(१०८२०५८४९९३७८००५) मा जम्मा गरेको सक्कलै बैंक भौचर वा बोलपत्र दाखिला गर्ने अन्तिम मितिबाट कम्तिमा ९० दिनसम्म म्याद भएको बैक जमानतको सक्कल प्रति संलग्न गर्नु पर्नेछ ।

२. सिलबन्दी बोलपत्र साथ बोलपत्रवालाले फर्म दर्ता प्रमाण पत्रको प्रतिलिपि, मु.अ.करमा दर्ता भएको प्रमाण र आ.व. २०७८/७९ को कर चुक्ता प्रमाण पेश गर्नु पर्नेछ ।

३. सिलबन्दी बोलपत्र फारम दस्तुरः रु.३०००/-(फिर्ता नहुने गरी) बोलपत्र फारम दुहवी न.पा. नगर कार्यपालिकाको कार्यालयको राजश्व/कर शाखाबाट कार्यालय समय भित्र खरिद गर्न सकिनेछ ।

४. सिलबन्दी बोलपत्र खरिद गर्ने अन्तिम मिति प्रथम पटक सूचना जारी भएको ३० औं दिनसम्म मिति २०८०/०५/१९ गते, मिति २०८०/०५/२० गते १२:०० बजे सम्म दुहवी न.पा., नगर कार्यपालिकाको कार्यालयमा दर्ता गर्नु पर्नेछ र सोही दिन सिलबन्दी बोलपत्र दिनको ०३:०० बजे यस न.पा.कार्यालयमा खोलिनेछ ।

५. म्याद नाघी आएको वा रित नपुगेको टेण्डर फाराम उपर कुनै कारवाही हुनेछैन ।

६. सिलबन्दी बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सर्वाधिकार नगरपालिकामा सुरक्षित रहनेछ ।

राजकुमार के. सी.
प्रमुख प्रशासकीय अधिकृत

website : www.duhabimun.gov.np, E-mail : info@duhabimun.gov.np, duhabibhaluwamun@gmail.com

७. कबोल गरेको अंक लाई ३(तीन) किस्तामा विभाजन गरिनेछ। यसरी कायम भएको ३(तीन) किस्ताको पहिलो किस्ता नगद र बांकि किस्ताको हकमा मिति २०८१ साल भाद्र मसान्तसम्म कायम रहेको नेपाल राष्ट्र बैकबाट प्राप्त क बर्गको बैकबाट जारी गरिएको बैक ग्यारेण्टी पेश गर्नु पर्नेछ।यदि एकमुष्ठ रुपमा सम्झौताकै बखत सम्पुर्ण रकम बुझाउन चाहेमा उक्त कबोल अंकको १० प्रतिशतले छुट दिन सकिनेछ ।

८. बोलपत्रदाता वा फर्मले ठेक्का सम्झौता गर्न आउदा फर्म/संस्था, प्रोप्राइटरको नाममा गत विगत वर्षको न.पा.लाई बुझाउन बाँकी बक्यौता भएमा सो समेत दाखिला गर्नु पर्नेछ ।

९. सम्बन्धित बोलपत्र दाताले ठेक्का सम्झौता भएको मितिले दोस्रो चौमासिक रकम दाखिला नगरी म्याद समाप्त भएको ३०(तीस) दिनसम्म पनि रकम दाखिला नगरी अटेर गरी बसेमा निजले सम्झौताको बखत राखेको बैंक जमानत जफत गरी निजसंगको ठेक्का सम्झौता भंग गरी कर संकलनको वैकल्पिक व्यवस्था मिलाइनेछ ।

१०. दर्ता भएको सिलबन्दी बोलपत्रहरु तोकिएको मिति र समयमा बोलपत्रवाला वा निजको प्रतिनिधिको रोहवरमा दुहवी न.पा., नगर कार्यपालिकाको कार्यालयमा नियमानुसार खोलिनेछ ।

११. नगरपालिकाले तोकि दिएको दर रेटमा फरक नपर्ने गरी ठेक्का संचालन गर्नुपर्नेछ ।

१२. अन्य जानकारीको लागि दुहवी न.पा., नगर कार्यपालिकाको कार्यालयको राजश्व/कर शाखामा कार्यालय समय भित्र टेलिफोन नम्बर ०२५-५४०३८७ मा सम्पर्क राख्न सकिनेछ ।

१३. बोलपत्र दर्ता गर्ने अन्तिम मिति तथा सिलबन्दी बोलपत्र खोलिने मितिमा सार्वजनिक विदा पर्न गएमा त्यसको भोली पल्ट दर्ता हुने तथा खोलिनेछ ।

१४. प्रचलित कानुन विपरित हुने कुनै काम गरेमा जुन सुकै बखत पनि ठेक्का सम्झौता भंग गरी अन्य वैकल्पिक व्यवस्था गरिनेछ। यसरी ठेक्का सम्झौता भंग गरी अन्य व्यवस्था गर्दा पर्ने थप व्यभार वा क्षति ठेकेदार स्यंमले ब्यहोर्नु पर्नेछ।

१५. तोकिएको स्थान बाहेक अन्य स्थानबाट कर दस्तुर उठाउन पाईने छैन।

१६. कर संकलन कार्य गर्दा कुनै व्यवधान वा समस्या परेमा दुई पक्ष बिच आपसी छलफल गरी समाधान गरिनेछ। त्यस्तो छलफलबाट सहमति हुन नसकेमा नगरपालिकाको निर्णय अन्तिम हुनेछ।

१७. एक फर्मको नाममा खरिद गरेको बोलपत्र फारम अर्को फर्मको नामबाट दाखिला गर्न पाईने छैन ।

१८. यस सूचनामा उल्लेख नभएका कुराको हकमा प्रचलित कानुन बमोजिम हुनेछ।

१९. व्यक्तिको निजि जग्गाबाट माटो विक्रि गर्दा जग्गा धनिले नै कति घन फिट माटो बिक्री गर्ने हो यकिन गरी दुहवी न.पा.मा निवेदन दिनु पर्नेछ ।सो सम्बन्धमा कार्यपालिकाले निणर्य गरी वार्षिक रुपमा एकमुष्ठ शुल्क लिनेछ । अन्यको हकमा राजस्व संकलन गर्ने कार्य न.पा.ले तोकेको ठेकेदार मार्फत गरिनेछ ।

राजकुमार के. सी.
प्रमुख प्रशासकीय अधिकृत